श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
Shree Investment and Finance Co. ltd.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Dili Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np

पत्र संख्या:- २०८२/८३/ ४९६

मिति: २०८२/०९/०८

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा
काठमाडौं

**विषय: एक्तिसौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय सस्थाको मिति २०८२ पौष ७ गते सोमवार बसेको सञ्चालक समितिको ३६४औं बैठकले मिति २०८२ पौष ३० गते बुधवारका दिन एक्तिसौं वार्षिक साधारण सभा बोलाइएको तथा उक्त सभाको प्रयोजनकालागि मिति २०८२ पौष १८ गते शुक्रवार १ दिन वित्तीय सस्थाको शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) गर्ने निर्णय भएकोले मिति २०८२ पौष १८ गते शुक्रवारका दिन शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) गरि दिनु हुन अनुरोध गर्दछु ।

साथै, दाखिल खारेजी बन्द (Book closure) मिति भन्दा अघिसम्म कायम रहेका शेयरधनीहरुलाई सो सभामा भाग लिन, वित्तीय संस्थाले प्रस्ताव गरेको लाभाँश प्राप्त गर्न, मतदान गर्ने अधिकार रहने व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न**

१. राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा प्रकाशित सूचनाको प्रतिलिपी १ थान

भवदीय,

...........

(खिम बहादुर कार्की)
कम्पनी सचिव

**Together we deliver**

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को
# एक्तिसौं वार्षिक साधारणसभा बस्ने सूचना

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को मिति २०८२ पौष ७ गते सोमवारका दिन बसेको सञ्चालक समितिको ३६४औं बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरी पारित गर्नका लीग कम्पनीको ३१औं वार्षिक साधारणसभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लीग यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारणसभा बस्ने:**

मिति : वि.स. २०८२ साल पौष ३० गते बुधवार (तदनुसार जनवरी १४, २०२६ ई.सं.) ।

स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं.लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं

समय : बिहान १०:०० बजे ।

**२. छलफलका विषयहरु:**

**क. साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०८१/८२ को प्रतिवेदन उपरमा छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्तको वासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (PKF TR Upadhya & Co. पुनःनियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप चुक्ता पूँजी रु १ अर्वको ६.४०% ले हुने रु. ६,४०,००,०००/- (अक्षरेपी छ करोड चालिस लाख मात्र) नगद लाभाँश (नगद लाभाँशमा लाग्ने कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

५. सञ्चालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको २ जना तथा सर्व-साधारण तर्फको १ जना सञ्चालकको पदमा बाँकी अवधिका लागि गरिएको नियुक्तीको अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि र अन्य कुनै बैंक/वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न कम्पनीको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. कम्पनीका सञ्चालकहरुको बैठक भत्ता वृद्धि गरी तदनुसार नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको एक्तिसौं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८२/०९/१८ गते शुक्रवार एक दिन कम्पनीको शेयर दाखिल खारेजको काम बन्द (Book Closure) रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । उक्त दिनभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले सभामा सहभागी हुन तथा कम्पनीबाट वितरित लाभाँश पाउनु हुनेछ ।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

३. साधारणसभामा भाग लिन र मतदान गर्नका लागि प्रोक्सी ल्याउने व्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ ।

४. कुनै व्यक्तिले एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै उपस्थित भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वत: बदर हुनेछ ।

५. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयवारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिव मार्फत लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

६. शेयरधनीहरुवाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू वा उहाँबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।

७. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**द्रष्टव्य:** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट www.shreefinance.com.np मा समेत राखिएको जानकारी गराईन्छ ।


**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**

**डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।**

**फोन:** ४५२२०३८, ४५२६१४६, ४५१५३४४, **फ्याक्स:** ९७७-१-४५२१७७९, E-mail: info@shreefinance.com.np

**शाखा कार्यालयहरु :**

**काठमाडौं उपत्यका भित्र :** बुढानिलकण्ठ, इमाडोल, चावहिल

**काठमाडौं उपत्यका बाहिर :** विराटनगर-मोरङ्ग, भैरहवा-रुपन्देही, तौलिहवा-कपिलवस्तु, ओदारी-कपिलवस्तु, रजहर-नवलपरासी पूर्व, डण्डा (कावासोती), हर्कपुर-नवलपरासी पूर्व, श्रीनगर-सल्यान, सोलावाङ्ग-रुकुम (पश्चिम)



प्रकाशित मिति: २०८२/०९/०८ गते अभियान दैनिक